हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १८० पृष्ठ : ४ २०७७ माघ १८ गते आइतबार (Sunday 31 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost



मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।


## दुई वर्षदेखि थाँती रहेका मुद्दा शून्यमा झार्ने सिरहा अदालतको अभियान





सिरहा । वर्षौदेखिको थाँती रहने गरेको मुद्धाहरूलाई फछ्र्यौट गर्न सिरहा जिल्ला अदालतले आउँदो आर्थिक मसान्तसम्ममा शून्यमा झार्ने आन्तरिक अभियान सञ्चालन गरेको छ । सिरहा जिल्ला अदालतमा फछ्र्यौट हुन २५ वर्षअघिका मुद्धा समेत बाँकी छन् । त्यसका लागि पुराना मुद्दालाई फछ्र्यौट गर्न मुद्दाको प्रकृति अनुसार फैसला गर्नुपर्ने समय सीमा निर्धारण गरी फरक मुद्दा व्यवस्थापन (डिसिएम) प्रणाली अपनाइएको सिरहा जिल्ला अदालतले पत्रकार सम्मेलन गरी जानकारी दिएको छ । जिल्ला न्यायाधीस पुष्पराज थपलियाले दुइ वर्ष नाघेका पुराना मुद्दाहरूलाई यसै आर्थिक वर्षको अन्त्यसम्ममा शून्यमा झार्ने प्रयास भइरहेको जानकारी दिए ।

'डिसिएम प्रणालीअनुसार मुद्दाको प्रकृति अनुसार मुद्दाहरूलाई सरल मार्ग, सामान्य मार्ग र विशेष मार्गमा वर्गीकृत गरिएको छ,' जिल्ला न्यायाधीस थपलियाले भने, 'सरल मार्गका मुद्दालाई दर्ता

बाँकी ३ पेजमा

## शीतलहरले जनजीवन प्रभावित

लहान । चिसो हावासूगै बढेको शीतलहरले तराई-मधेसको जनजीवन प्रभावित भएको छ । शीतलहरसूगै अत्यधिक जाडोका कारण सिरहामा स्थानीयबासी सडक तथा घरबाहिर कमैमात्र निस्किएका छन् ।

अत्यधिक जाडोसँगै पशिचमा स्याठ बढेपछि जनजीवन प्रभावित भएको हो । चिसोबाट ग्रामीण भेगका सुकुम्बासी परिवार थप पीडित बनेका छन् । तराईमा बढेको

बाँकी ४ पेजमा


सूचना ! सूचना !! सूचना !!!

MASSEY FERGUSON

मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा

रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट।

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।

गिफ्ट किसिम :
- a) Led TV-24"
- b) Fridge - 170 Ltr.
- c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान :- रत्ना ओटो पडरिया-१, लहान सिरहा

फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८


## नेपाल लाइफ इन्स्योरेन्सद्वारा सिरहामा एक दिने मोटिभेसनल कार्यक्रम




सिरहा । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले सिरहामा 'स्किल डेभलपमेन्ट एन्ड मोटिभेसन प्रोग्राम' सम्पन्न गरेको छ ।

नेपाल लाइफले जिल्ला धनगढीमाई नगरपालिका वडा नं. १ स्थित बाटिका टुरिजममा उक्त कार्यक्रम गरेको हो । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका बरिष्ठ सहायक

बाँकी ४ पेजमा





Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229

### बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३-५६०२१९

मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०




### फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

| | |
|---|---|
| बालरोग विशेषज्ञ | डा. बृजेन्द्र यादव |
| मधुमेह, प्रेसर | डा. ल्युस्युन यादव |
| प्रसुति रोग विशेषज्ञ | डा. विरेन्द्र यादव |

# सम्पादकीय

## लोकतन्त्रको मूल आधार नै 'जवाफदेहिता' र 'पारदर्शिता'

**जवाफदेहिता भनेको एउटा गुण हो, जसले उत्तरदायित्व र विश्वसनीयताको महत्व दर्शाउँछ । जवाफदेहिता सुशासनको एक संयन्त्र पनि हो । जनप्रतिनिधि लगायत सरोकारवालाहरुले आफ्ना प्रतिबद्धता पूरा भए/नभएको बारेमा बुझ्न सकिने यो एक संयन्त्र हो । यो उनीहरुको राजनीतिक, सामाजिक र नैतिक दायित्व पनि हो जवाफदेहिता ।**

**अर्कोतर्फ भष्ट्राचार नियन्त्रणमा 'जवाफदेहिता' सँगै सूचनाको हकले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यसैगरी नागरिक समाजको भूमिका सक्रिय भएको खण्डमा सरकारलाई गलत क्रियाकलाप गर्नबाट रोक्न र जनताप्रति उत्तरदायी बनाउनमा मद्दत पुग्न सक्दछ । अहिले निमुखा जनताका लागि स्थानीयत सरकार क्रियाशील छ । लोकतन्त्रमा जनता नै राज्यको शासन व्यवस्थाको सर्वेसर्वा निर्णायक हुन्छन् । सही निर्णय गर्न जनतालाई सही सूचना चाहिन्छ । जनप्रतिनिधि, कर्मचारी तथा सार्वजनिक निकायहरु सबै जनता प्रति जवाफदेही हुनु पर्दछ । त्यसैले सार्वजनिक निकायका निर्णय, कामकारबाही, बजेट इत्यादि सम्पूर्ण सूचना जनताले पाउनुपर्छ । यही मान्यता अनुसार सूचनाको हकको प्रचलन सुरु भएको पनि हो ।**

**सामान्यत : सूचना माग्ने र दिनुपर्ने अधिकार नै सूचनाको हक हो । प्रत्येक व्यक्तिसँग विचार स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ । बिना कुनै हस्तक्षेप मत वा विचार मान्ने, राखे वा ग्रहण गर्ने र कुनै सीमाको बन्देज विना कुनै पनि माध्यमद्वारा सूचना र विचार खोज्ने, पाउने र फैलाउने अधिकार सूचनाको अधिकार हो । नेपालको सबिधान २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भनी सूचनाको हकमा व्यवस्था पनि गरेको छ ।**

**यसैसँग जोडिएको पारदर्शिताको लागी, जवाफदेहीपनको बोधका लागी, भ्रष्टाचारको गुन्जायसमा कमी ढीलासुस्ती आलटाल प्रवृतिमा कमीको लागी सूचनाको हकले प्रभावकारी भूमिका खेल्न सक्दछ । सूचनाको हकको कुरा गर्दा संवेदनशील सूचनाको संरक्षण र प्रत्येक नागरिकको सूचनामा सरल र सहज पहुँच हुन पनि उत्तिकै जरुरी छ । राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेबार बनाउन, सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उदेश्यले सूचनाको हक सम्बन्धि ऐन ल्याईएको भएता पनि अझै पनि सबै नागरिकले सार्वजनिक सरोकारका बिषयमा सहज तरिकाले सूचना पाउन सकेका छैनन ।**

**कानुनले प्रत्येक नेपाली नागरिकलाई यसको अधिनमा रही सूचनाको हक हुनेछ, प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ र सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था ऐनले गरेको भए पनि सबै नागरिकले सूचनाको हकको भरपुर उपभोग गर्न पाएका छैनन ।**

**अहिले पनि सूचना दिनमा सरकारी निकाय र सार्वजनिक सस्था र र ाजनैतिक दलहरुले आनाकानी गर्ने प्रबृत्ति हटेको छैन । सिरहाको मिर्चैया नगरपालिकामा पारदर्शिता खोज्नेलाई जिम्मेबार जनप्रतिनिधिबाट कुटपीटमा उत्रिनु दण्डहिनताको चरम पराकाष्ठा हो । यो कानुनी र ाज्यमाथिको धावा र राजनीतिक आँडमा राज्यपक्ष तथा राज्य संयन्त्रको अकर्मण्यता हो । यो कानुनी मान्यताको उपहास पनि हो । जहाँ पार दर्शिता, जवाफदेहिता हुन्छ, त्यहाँ सहभागिता बढ्छ भन्ने मान्यतालाई अस्विकार गर्ने रणनीति पनि हो भन्न सकिन्छ । तसर्थ, सरोकारवाला निकायले कानुन अगिकार गराउन र कानुनी राज्य स्थापित गराउँन अग्रसर हुन जरुरी छ । र, अवलम्बन गर्नुसँगै कार्यान्वयन गराउनु तर्फ लागिपर्नु पनि उसको उत्तरदायित्व हो ।**

# खराब मान्छे

गन्थन

डा. शामरथ सिंह राई

'**ख**राब' शब्दको अर्थ नराम्रो भन्ने लाग्ला । यस शब्दको पर्यावाची शब्दहरू अन्य भाषाहरूमा पनी व्यापकरूपमा भेटिन्छन् होला, नभेटिने पनि होइनन् । कालोले गोरोको नजरियाबाट हेर्दा खराब भन्दछ । यो ध्रुव सत्य पनि होला । ब्राह्मणले शुद्रलाई खराबको नजरमा राख्छ होला, मेरो व्यक्तिगत नजरिया होइन, शास्त्रले भन्ला ।

स्वास्नी (अपहेलित शब्द हो) महिला, स्त्री अर्थात महिलालाई मानिसले स्वास्नी (महिला)लाई नै खराब रूपमा हेर्छन । खराबलाई पनि हेर्ने दृष्टिकोण नेपाली समाजमा पनि जातै पिच्छे पर्दछ । यसरी हेर्न हुदैनथ्यो । यो पनि समाजको खराब नजरिया हो भन्ने लाग्छ । मुस्लिम समुदायको प्रचलनमा महिलालाई तलाक दिने प्रचलन छ । यसले पनि महिला वर्गलाई खराब भन्ने बुझाउँछ ।

हिन्दु समाजमा तलाक खराब भनिन्दैन । कारण तलाकको अर्थ हिन्दु सम्प्रदायलाई थाहा नै छैन होला । पहाडतिर दतमन गर्नु खराब भन्दछ, तर बोल्नु चाँही राम्रो नै भन्दछ, तर तराईका महिलाले खुलेर बोल्नु भनेको खराबमा गनिन्छ ।

चोरी गर्नु खराब हो, हो पनी । तर के भोकैं राख्नु राम्रो हो त ? हो चोरी गर्नु खराब र दण्डनीय पनि हो । तर चोरीको प्रकृति पनि फरक हुनसक्ला । तर चोरी 'चोरी' नै हो । यो खराब नै हो । तर, हल्ला गर्नु के खराब हो त ? यदि हल्ला गर्नु खराब हो भने आन्दोलन गर्नु के खराब हो त ? तब कसरी अधिकार प्राप्त हुन्छ ? एक जातले अरूको जातलाई खराब देख्छ, गोराले कालेलाई, कामीले क्षमीलाइ, गुवारले साहलाई, तिमालेले खपांगीलाई खराब देख्छ । कसैले उज्यालोलाई खराब देख्छ । दार्शनिक त्यस्तै भन्दछ । किन किन पानी पर्न पनि खराब भन्दछ, अलकासि भाषामा ।

उज्यालो पनि, चोरलाई खराबै हुन्छ । लुकेर पोईलो जाने बालाहरूलाई पनि उज्यालो खराब हुन्छ । खराबै खराबको ढेर हो र ! यो संसार । खराबै खराबको हो भने राम्रो संसार पनि खराब नै हो । तर्क शास्त्रले पनि प्रमाणित गर्दछ । हामीले खाएको वस्तु पनि अलि खराब भई आतबाट बाहिर आउँछ । त्यो खराब त्यसै आएको हुँदैन, त्यही राम्रैबाट नै खराबको जन्म हुन्छ । उदगमस्थल हेर्ने हो भने खराब नै असलको माता हो । गल्ती खराब हो । तर गल्ती नगरी जान्ने संसारमा कोही पनि हुँदैन, छैन । यदि कसैले यो होइन भन्दछ भने त्यो भूल हो, रजनिश ठहरिन्छ । किनभने उसँग खराबको कला छ ।

तसर्थ खराबको गुणले गर्दा उसले यस शब्द उच्चारण गरेको हुन्छ । दिन र रातमा तुलना गर्दा रात खराब भनेर भन्दछ



भने दिन कहाँबाट आउँछ भनेर सोध्ने हो । यदी दिन र रातको कुरा गर्ने हो भने कुनै तर्कशास्त्री, वैज्ञानिकले रातबाट भन्नु पर्ने हुन्छ होला नी ! यदी त्यसो हो भने रातलाई मात्र किन खराब भनेको होला । यो त वाहियात तर्क हुनपुग्ला । यदि महिला मात्र खराब हो भने पुरूष अफ आफूलाई लोग्ने मानिस भनाउँदाहरू पनी खराब होला नी ! तर त्यही खराब लोग्ने मानिसको खराब रगतले जन्म दिएको मानिस कसरी राम्रो हुन्छ ?

यो समाजमा अझै पनि विश्वास गरिन्छ (यो पुरातन तर्क हो), स्वास्नी मानिस ( महिला) लोग्ने मानिसको ढाडबाट बनेको भनिन्छ । लोग्ने मानिस राम्रो र स्वास्नी (महिला) कसरी खराब ? अझै पनि गाउँघर र नेपाली समाजमा महिलालाई दोष दिने चलन छ । *छोरा सप्रिए बाबुको कारणले छोरी बिग्रिए आमाको कारणले* । तसर्थ लोग्ने मान्छे पन खराब भन्ने सदावहार छ ।

हिलो खराब रे ! तर कमलको फूल आकर्षक रे ! कस्तो अचम्म । तुलनात्मक आधारमा साथै डिएनए कैं आधारमा हिलोको गर्भमा कमलको गर्भधारण छ भने कमल कसरी राम्रो, त्यो त एक पाखे विचार भएन र ! तसर्थ खराब र वाई पोलरको भनाइ मात्र हो । यो त विकशित ज्ञान हो । केवल अर्थ छुट्टयाउनु मात्र हो । तर सार तत्व एउटै हो ।

राम्रो को अर्थ कुन गर्भमा निहीत छ ? कुन संरचनामा ओरियन्टेड छ ? त्यो त रेशियोमा निक्लेको हुन्छ ? ***तीतो चाट्दा खराब महशुश हुन्छ, गुलियो चाट्दा मिठो लाग्छ*** / दुवैको दार्शनिक अर्थलाई मध्यनजर गर्दा मिठो भनेको खराबको अनुभवबाट निक्लेको हुन्छ । तसर्थ खराब नमिठो भनेको नै मिठोको '**आविष्कार**' मानिन्छ । तसर्थ एक अर्काकाको गर्भमा गाँसिएको हुन्छ । छाला, रंग फरक भए पनि रगत भएझैं ठहरिन्छ । तसर्थ खराबको स्वतन्त्र अस्तित्व कहाँ छ ? जहाँ राम्रोमा छ ।

तसर्थ खराब र राम्रो एउटै सिक्काको दुई पाता हुन्, जुन उत्तर र दक्षिण ध्रुव छुट्टिन्दैनन् । एउटालाई छुट्याए अर्कोको अस्तित्व मेटिन्छ । तसर्थ दुई एकै र एउटै हुन भन्ने दार्शनिक तर्क हो ।

# अदालतदेखि सडकसम्म ओली सनकले ल्याएको युवा उभार

प्रतिगमनविरूद्धको बालुवाटार मार्चमा प्रहरीको निर्मम कुटाइबाट बेहोस भएका निर्ग नवीनको होस खुलिसक्यो । तर, उनलाई आफूमाथि भएको निर्मम हमलाभन्दा संविधानमाथि भएको हमलाको धेर चिन्ता छ । उनलाई आफ्नो टाउकोभन्दा पहिला लोकतन्त्रको शिर जोगाउनु छ ।

टाउको र घाँटी पट्टीले बेरिएका उनले शिलापत्रसँग भने, 'संविधानमाथि हमला हुँदा पनि हामी बोलनौँ भने भोलि हामी लज्जित हुनुपर्छ । शरमले टाउको झुकाउनुपर्छ ।'




११ पुसमा नागरिक समाजले प्रतिगमनविरूद्ध माइतीघरमा आन्दोलनको शंखघोष गरदेखि नै युवा पुस्ता सडकमा उत्रिएको छ । संसद विघटनलाई प्रतिगमनका रूपमा अर्थ्याउँदै सशक्त प्रतिरोध गरिरहेका युवा सडकमा प्रतिगमनविरोधी नाटक प्रस्तुत गर्छन् । गीत घन्काउँछन् । कविता सुनाउँछन् । 'तँ निरंकुश होस्'

*बाँकी ४ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- इच्छा र आकांक्षा पूर्ण हुनेछ । चिताएको कामले तीव्रता लिनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । पारिवारिक सद्भाव बढ्नेछ ।

**वृष** :- अधिकार प्राप्तिको लागि संघर्ष गर्नु पर्नेछ । झन्झटिलो काममा संलग्न हुनुपर्ने समय छ । स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन**:- आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरु पुरा हुनेछन् । आम्दानी बढाउने काम सुचारू गर्न सकिनेछ । सफल यात्राको योग पनि छ ।

**कर्कट** :- एउटै कामबाट दोहोरो लाभ मिल्नसक्छ । मित्रबाट विशेष सहयोग मिल्नेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । नजिकै घुम्न पनि पाईनेछ ।

**सिंह**:- आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । दाम्पत्य सम्बन्ध सुदृढ बन्नेछ । वित्तिय संस्थाबाट सहयोग पनि पाईनेछ ।

**कन्या** :- नयाँ ज्ञान सिक्ने मौका मिल्नुका साथै नयाँ कार्यको योजना बन्नेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा अधिक सफलता मिल्नेछ ।

**तुला** :- साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । रोजगारको अवसर पनि मिल्नेछ ।

**वृश्चिक** :- आज आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिने छ । धर्म र कर्ममा मन लाग्नेछ ।

**धनु** :- आज बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिनलाई बढी सकारात्मक बनाउन सकिनेछ । वित्तिय संस्थाबाट सहयोग मिल्नेछ ।

**मकर**:- आज लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । बोलीको विपरीत अर्थ लाग्न सक्छ । यात्रा गर्दा सचेत हुनुपर्छ ।

**कुम्भ**:- आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । रमणीय र सुखद् यात्राको योग छ । आँटेको र ताकेको कार्य पुरा हुनेछ ।

**मिन** :- वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । आफुले काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । काम गर्ने उत्साह र हौसला मिल्नेछ ।

# सामुदायिक विद्यालयमा विद्यार्थीलाई आकर्षित गर्न साइकल वितरण



सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षित गर्न सिराहाको गोलबजार नगरपालिका-९ कार्यालयले स्थानीय माध्यमिक विद्यालयमा अध्ययनरत जेहेन्दार छात्रछात्रालाई साइकल वितरण गरेको छ । वडा कार्यालयले गोलबजार ९ डन्डास्थित जनता माविको कक्षा ११ मा अध्ययनरत २१ जना छात्रछात्रालाई साइकल वितरण गरेको हो ।

सामुदायिक विद्यालयमा पढ्ने छात्रछात्राहरुको पठनपाठन सहज बनाउन साइकल वितरण गरिएको वडाध्यक्ष रामपुकार कामतीले बताए । मध्यमवर्गीय र व्यापार-व्यवसाय गरिरहेका परिवारले आफ्ना छोराछोरीलाई सहर-बजारका निजी विद्यालयमा पढाइरहेको चर्चा गर्दै वडाध्यक्ष कामतीले घरको काम भ्याएर सामुदायिक विद्यालयमा पढिरहेका छात्र-छात्राहरूलाई विद्यालय आवतजावत गर्न सहजताका लागि वडास्तरीय कार्यक्रमबाट साइकल दिइएको उल्लेख गरे । गत आर्थिक वर्ष २०७६/०७७ का लागि वडास्तरीय कार्यक्रमका लागि प्राप्त बजेटमध्ये चार लाख रूपैयाँमा खरिद गरिएको ६५ थान ४१ वटा बाँडेपछि बाँकी रहेको २४ वटा साइकल बाँडेको उनले बताए । उनका अनुसार तीनजना छात्रछात्रा अनुपस्थित रहेकाले तीन थान साइकल बाँकी रहेको र आइतबार विद्यालय खुलेपछि दिइने बताए । 'सामाजिक सद्भाव र संस्कारिक शिक्षा, छोरीलाई शिक्षा आजको आवश्यकता' भन्ने नारासहित वडा कार्यालयले गत वर्षदेखि नै वडाक्षेत्रका सामुदायिक विद्यालयमा पढिरहेका विद्यार्थीहरूलाई साइकल बाँड्दै आएको छ । वडा कार्यालयले चालू आवमा आधारभूत तहको एउटा विद्यालयको बाल विकास केन्द्रमा मन्टेस्वरीलाई एक लाख ३० हजार रूपैयाँबराबरको शैक्षिक सामग्री खरिद गरी हस्तान्तरण गर्ने प्रक्रियामा रहेको वडाध्यक्ष कामतीले बताए । उक्त वडामा एउटा १२ कक्षा र एउटा कक्षा पाँचसम्म पढाइ हुने आधारभूत तहको पढाइ हुने विद्यालय रहेको वडा कार्यालयले जनाएको छ ।

## दुई वर्षदेखि ...

भएको मितिदेखि ६ महिनाभित्र, सामान्य मार्गका मुद्दालाई १२ महिनाभित्र र विशेष मार्गका मुद्दालाई १८ महिनाभित्र फछ्र्यौट गर्ने गरी कार्यविधि अपनाइएको छ ।'

यही कार्यविधि अपनाएर सिरहा जिल्ला अदालतले गत असोज महिनादेखि माघ १५ गतेको समयावधिमा १ हजार ४ सय ५ मुद्दाहरू फछ्र्यौट गरिसकेको छ । जसमध्ये गत मंसिरदेखि माघ १५ गतेको समयावधिमा १ हजार १ सय २४ वटा मुद्दा फछ्र्यौट भएको छ । गत मंसिरदेखि सिरहा जिल्ला अदालतमा आठ जना न्यायाधीस कार्यरत छन् ।

सिरहा जिल्ला अदालतमा १ हजार ९ सय २७ वटा नयाँ र गत वर्षको जिम्मेबारी सरेको ३ हजार ८ वटा पुराना मुद्दाहरू गरी ४ हजार ९ सय ३५ मध्ये ३ हजार ७ सय ८१ वटा मुद्दाहरू फछ्र्यौट हुन बाँकी छन् । फछ्र्यौट हुन बाँकी मुद्दामध्ये ५ सय ६१ वटा मुद्दाहरू दुई वर्ष नाघेका छन् । दुई वर्ष नाघेका मुद्दाहरूमा केही २५ वर्षसम्मका पुराना मुद्दाहरू पनि छन् ।

सिरहा जिल्ला अदालतका प्रमुख न्यायाधीस प्रकाश खरेलले विश्वव्यापी महामारी कोभिड र मुलुकी ऐनलाई विस्थापित गरी लागू भएको नयाँ संहिताले मुद्दाको कामकारबाही प्रभावित भइरहेको उल्लेख गर्दै यसका लागि अदालतका कर्मचारी र न्यायाधीसहरू अबेर रातिसम्म खटिरहेको जानकारी दिए ।

स्थानीय तहमा रहेको न्यायिक समितिका पदाधिकारी तथा सदस्यहरू दक्ष नभएको कारण स्थानीय तहमा निष्पक्ष रूपले न्यायिक सुनुवाइ हुन नसकेको र त्यसले अदालतमा मुद्दाको अनावश्यक चाप बढाइरहेको उनले बताए । चर्चा गर्दै न्यायिक समितिलाई दक्ष बनाउन केन्द्रीय स्तरबाटै ठोस कार्यक्रम ल्याउनु आवश्यक रहेको उनले सुझाए ।

जिल्ला न्यायाधीस खरेलले अदालतलाई बिचौलियाको प्रभावबाट पूर्ण रूपले मुक्त गरे पनि बिचौलियाको प्रभाव गाउँ गाउँसम्म रहेकोले त्यस्ताबाट जोगिन सर्वसाधारण आफैं सचेत रहनुपर्ने औल्याए ।

'सञ्चारक्षेत्र र न्यायिक क्षेत्रको एउटा साझा लक्ष्य र उद्देश्य छ, त्यो हो नागरिकको स्वतन्त्रता र अधिकारको रक्षा गर्ने', उनले भने, 'त्यसको लागि दुवै क्षेत्रले एक अर्काको पुरक भई काम गर्नु आवश्यक छ ।'


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान- | ७०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# काठमाडौंमा बर्डफ्लु भेटियो

काठमाडौंको तारकेश्वर नगरपालिका-७ स्थित साङ्लेखाला, फटुङका स्थानीय किसानले पालेका टर्की हाँसमा बर्डफ्लु पुष्टि भएको छ ।

बर्डफ्लु पुष्टि भएपछि १८६५ हाँस, ६२२ बट्टाइ, ३२ कुखुरा, २५ टर्की, ५४२ अण्डा र ७५ केजी दाना नष्ट गरिएको तारकेश्वर नगरपालिका पशु शाखा प्रमुख धनिपत रायले बताए ।



बर्डफ्लु पुष्टि भएसँगै शनिबार नेपाल सरकार स्वास्थ्य सेवा विभाग, पशु सेवा विभागको टोली, तारकेश्वर नगरपालिका स्वास्थ्य शाखाको संयुक्त टोलीका साथै नेपाल प्रहरी, स्थानीयवासीको सहयोगमा उक्त फार्मलाई शिल गरिएको छ । अन्य पोल्ट्रीफार्मका कुखुरामा पनि बर्डफ्लुको लक्षण देखिन थालेकाले परीक्षणका लागि पठाइसकिएको बताइएको छ । बर्डफ्लु प्रभावित क्षेत्रका कुखुरा फार्ममा चुना र 'भिर्कोन' छर्ने काम भइरहेको प्रमुख रायले जानकारी दिए । रासस

## नेपाल लाइफ ...

महाप्रबन्धक उमापती पोखरेलले पानसमा बत्ती बालेर समुद्घाटन गरेका थिए । बीमा गराउनुभन्दा पहिले बीमा गर्ने व्यक्तिको आर्थिक स्थिति बुझेर, जीवन बीमाको आवश्यकता महसुस गराएर मात्र बीमा गराउन पोखरेलले सुझाव दिए । उनले सस्तो लोकप्रियताभन्दा गुणस्तरीय सेवा प्रवाह तथा दीर्घकालिन लाभमा नेपाल लाइफले ध्यान दिने बताए ।

'बीमा विश्वासमा हुन्छ, अभिकर्ताको बोलीमा हुन्छ, त्यसैले सबै अभिकर्ताले बीमा के हो र किन आवश्यक छ भन्ने चेतना आम नागरिकमा जगाउनुपर्छ,' उनले भने, 'साथै बीमितको विश्वासमा आँच आउने काम गर्नु हुँदैन । त्यसपछि मात्र आम नागरिकमा बीमा गर्नुपर्छ भन्ने चेतनाको विकास हुन्छ, हरेक व्यक्ति बीमामा आवद्ध हुन चाहन्छन् र आफैं अभिकर्ताको खोजी गर्दै आउनेछन् ।'

आफ्ना अभिकर्ताहरूको क्षमता अभिबृद्धि गर्ने तथा उत्प्रेरणा जगाउने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका पूर्वान्चल क्षेत्रीय प्रमुख टिकादत्त प्याकुरेलले जनाए । नेपाल लाइफ इन्स्योरेन्सको ब्रान्ड एम्बेस्डर भनेकै देशका कुनाकुनामा पुगेर जीवन बीमाका बारेमा सचेतना फैलाउने सम्पूर्ण अभिकर्ता भएको उनले बताए ।

कम्पनीले सक्रिय अभिकर्ताहरू अझ बढाएर चालू आवमा दोब्बर गर्ने लक्ष्य राखेको पनि प्याकुरेलले बताए । बीमाबाटै देशको समृद्धि, नागरिकको भविष्यमा आइपर्ने जोखिम न्यूनीकरण र अभिकर्ताको पनि भविष्य निर्माण गर्न सकिने उनको कथन थियो ।

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लहानका प्रमुख भोगेन्द्र कुमार साहको अध्यक्षतमा भएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका बरिष्ठ सहायक महाप्रबन्धक उमापती पोखरेलको उपस्थिति रहेको थियो । त्यसैगरी बिशिष्ट अतिथिको रूपमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका पूर्वान्चल क्षेत्रीय प्रमुख टिकादत्त प्याकुरेल, अतिथिको रूपमा नेपाल लाइफ इन्स्योरेन्स सिरहा शाखाका प्रमुख पुर्ण कुमार कर्ण, गाइघाट शाखाका प्रमुख गिरिस चन्द्र कर्ण, राजबिराज शाखाका प्रमुख पुरषोतम चौधरी, कन्चनपुर शाखाका प्रमुख जयकुमार दत्त, कटारी शाखाका प्रमुख सुदर्शन बराल, मिर्चैया उपशाखाका प्रमुख रिता कुमारी साह, पेशागत बीमा अभिकर्ताका केन्द्रीय उपाध्यक्ष गणेश अधिकारी, नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका नेपाल प्रथम भिम कुमार, नेपाल दोस्रो वेद थापा, बिभिन्न शाखाबाट आएका कर्मचारीहरू समेतको सहभागिता भएको उक्त कार्यक्रममा व्यवसायमा उच्च योगदान पुर्याउने अभिकर्ता तथा एजेन्सी मेनेजरहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा ६ सय भन्दा बढि सक्रिय अभिकर्ताहरूको उपस्थिति रहेको थियो ।

## शितलहरले...

चिसो हावासँगै शीतलहरले खासगरी बच्चा र वृद्धवृद्धा बढी पीडित छन् ।

स्थानीय अस्पतालहरूमा कोल्ड डायरिया, निमोनिया, दम र खोकीबाट पीडित भई अस्पताल भर्ना हुनेको संख्यामा वृद्धि भएको छ । अत्यधिक चिसोकैं कारण तराईका बजारमा चहल पहल देखिएको छैन् । बजारमा सर्वसाधारणको न्युन उपस्थिति देखिएको छ । कार्यालय खुलेको भएपनि विगतभन्दा अति न्यून सेवाग्राही आउने गरेका छन् ।

विधालयमा पनि विधार्थीको उपस्थिती पातलिदै गएको छ । सिरहाका बजारका चोकचोकमा आगो बालेर ताप्नेको संख्या बाक्लो भएको छ ।

**वितरण भएन दाउरा**

विगत वर्षहरूमा शीतलहरीबाट सर्वसाधारणलाई न्यानो प्रदान गर्न बजार, चौंक, टोल बस्तीमा दाउरा तथा मुढा वितरण गरिन्थ्यो ।

तर यसवर्ष सर्वसाधारणको चाप हुने सरकारी कार्यालयहरूमा सम्बन्धित सरकारी कार्यालयहरूले तथा पुर्व-पश्चिम राजमार्गको ठाउँ ठाउँमा दाउरा वा मुढा बालेपनि चिसो बढेको बेला आगो ताप्नका लागि दाउरा नपाएको स्थानीयले गुनासो गरेका छन् ।

## अदालतदेखि...

भन्दै काम चलाउ प्रधानमन्त्री केपी ओलीमाथि औँला उठाउँछन् । र, सन्काहा शासकको निर्देशनमा प्रहरीको लाठी खान्छन्, बेहोससमेत हुन्छन् । तर, छाड्दैनन् प्रतिगमनविरूद्ध आवाज बुलन्द पार्न । 'वाटर क्यान'बाट प्रहरीले हानेको चिसो पानीले उनीहरुको ज्यान झनै तताउँछ ।

प्रहरीको लाठीले घाइते भएका संघर्ष दाहाल, कुमार बर्तौला हुन् वा प्रहरीको छेकबार अगाडि चिसो सडकमा लम्पसार परेर छाती थाप्ने विनोद देउवा, चाहे हुन् अधिवक्ताको अनुमतिपत्र नभएरै पनि संसद विघटनविरूद्ध सर्वोच्च अदालतमा बहस गरेर न्यायाधीशको नजरमा परेका समृत खरेल, सबैको चिन्ता र चासो भनेकै मुलुकको भविष्य हो ।

मुलुकको भविष्य भन्नु नै युवाको भविष्य हो । यी युवालाई सडकमा ओलार्ने दुस्साहस गरेका केपी ओलीले असार २०७५ आसरमा ऱ्याडिसन होटलमा भएको कार्यक्रममा भनेका थिए, 'जनसंख्याको अनुपातमा सबैभन्दा धेरै युवा हामीसँग छन् । यो युवाको देश हो ।' ओलीले भनेजस्तै यो युवाको देश हो, त्यसैले त प्रकृति भट्टराई बस्नेतजस्ता युवाले उनै ओलीलाई नै 'तँ निरंकुश होस् भन्दै औँला उठाइरहेका छन् ।

एउटै चिन्ता, चासो र शंकाले युवालाई ज्यानकै बाजी थापेर सडकमा ओर्लिन बाध्य बनाएको हो । 'यतिखेर सडकमा आएनौँ भने, यो प्रतिगमनविरूद्ध बोलेनौँ भने प्राप्त उपलब्धि पनि गुमाउँछौँ,' प्रहरीको कुटाइले अझै निको नभइसकेका दाहाल चिन्ता व्यक्त गर्छन् ।


# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)